- प्रदेश कार्यक्रम निर्देशकले कार्यक्रमको प्रगतिको बारेमा प्रदेश समन्वय समिति र कार्यक्रम समन्वय इकाईमा प्रतिवेदन गर्ने,
- प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले वार्षिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरी नतिजा हासिल गर्ने,
- स्थानीय तहको लागि क्षमता विकासका कार्यहरू पहिचान गरी कार्यान्वयन गर्ने र प्रदेश स्तरीय नीति निर्माणमा सहयोग गर्ने,
- प्रदेश सुशासन केन्द्र (PCGG) लाई क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने।

ग) प्रदेश सुशासन केन्द्र (PCGG)

- प्रदेश तहमा प्रदेश ऐनद्वारा निर्देशित र व्यवस्थित हुने गरी प्रदेश सरकारअन्तर्गत अर्ध स्वायत्त निकायका रूपमा प्रदेश सुशासन केन्द्र स्थापना एवं सञ्चालन गर्ने,
- प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूका लागि क्षमता विकासको आवश्यकता पहिचान गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
- प्रदेश र स्थानीय तहमा सुशासन प्रवर्द्धनका लागि आवश्यक अध्ययन, अनुसन्धान र परामर्श सम्बन्धी कार्य गर्ने।

९. बजेट निकासा प्रकिया :

- वित्तीय सहयोग : नेपाल सरकारको बजेटमार्फत (On Budget & On Treasury); (९२.३%)
- प्राविधिक सहयोग : On Budget & Off Treasury (७.७%)
- प्रदेशको लागि सङ्घीय ससर्त अनुदानको रूपमा प्रदेशगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत प्राप्त हुने।

१०. कार्यक्रमको दायरा (Scope) :

- प्रदेश तथा स्थानीय तहको लागि आवश्यक कानुन मस्यौदा तयारी, परिमार्जन र सहजीकरण (Support for Legislation Drafting)
- अन्तरसरकारी संयन्त्र सबलीकरण (Strengthen Support to Inter Governmental Mechanism)
- प्रदेश र स्थानीय तहको सार्वजनिक वित्त व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सुधार (Public Finance Management)
- विद्युतीय सुशासन अवलम्बन तथा प्रयोगमा सहजीकरण (E-Governance)
- जवाफदेहिता प्रवर्द्धन (Accountability)
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि तालिम, प्रशिक्षण सञ्चालन (Capacity Development)
- लैङ्गिक समानता र सामाजिक समावेशिता (Gender Equality and Social Inclusion)
- समानान्तर समन्वय (Horizontal Coordination)
- नवप्रवर्तन साझेदारी कोष (Innovative Partnership Fund)
- नागरिक सहभागिता (People's Participation)

११. प्रदेश तहमा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू :

- प्रदेश सरकारका नीति, रणनीति, मार्गदर्शनका लागि खाका तयार गर्ने,
- प्रदेशलाई आवश्यक कानुन मस्यौदा तथा परिमार्जनमा सहजीकरण, प्राविधिक सहायता उपलब्ध गराउने,
- प्रदेश र स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,
- लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, मध्यकालीन खर्च संरचना, सूचना प्रविधि, डाटाबेस र प्रतिवेदन प्रयोजनका लागि नवीनतम् सूचना प्रविधि प्रणालीहरू सञ्चालनमा ल्याउने,
- प्रदेश सुशासन केन्द्रका भौतिक संरचनाहरूको सुधार तथा निर्माणका कार्य गर्ने,
- स्थानीय तहमा नवप्रवर्तन साझेदारी कोष (Innovative Partnership Fund) परिचालन गर्ने।

१२. स्थानीय तहमा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू :

- स्थानीय सरकारका नीति, रणनीति, मार्गदर्शन, फ्रेमवर्क तथा संस्थागत विकासका खाकाहरू तयार गर्ने,
- स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन प्रणाली (LISA) कार्यान्वयनमा सहजीकरण गर्ने,
- स्थानीय स्तरको योजना तर्जुमा, मध्यकालीन खर्च संरचना (MTEF) र सूचना प्रविधिमा आधारित प्रशासनिक कार्यहरूलाई सबल बनाउने,
- लैङ्गिक उत्तरदायी बजेट (GRB), लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) तथा उत्तरदायित्व सम्बन्धी विश्लेषण गर्न स्थापित विधिहरूलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,
- प्रादेशिक निकायहरू तथा स्थानीय तहहरूमा क्षमता अभिवृद्धिका सेवाहरू प्रवाहित गर्नका लागि मौजुदा 'स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान' अन्तर्गतका तालिम केन्द्रहरूलाई प्रदेश स्तरीय सुशासन केन्द्र (Provincial Centre for Good Governance) मा पुनर्संरचना गरी प्रदेश भित्रको शासकीय क्षमता विकासको लागि विशिष्टकृत संस्थाको रूपमा तयार गर्ने,
- प्रदेश सुशासन केन्द्रले प्रदेश तथा स्थानीय सरकारहरूलाई मागको आधारमा वा वितरणको आधारमा प्रदान गरिने तालिमहरू सञ्चालन गर्नको लागि आवश्यक सहयोग गर्ने, सुझाव दिने, रेखदेख गर्नुका साथै प्राविधिक रूपमा टेवा दिने तथा स्रोत वितरण गर्दा सहयोगी संस्थाको रूपमा समेत सेवा प्रदान गर्ने,
- सेवा प्रवाहमा दोहोरोपना हटाउनका लागि प्रदेश स्तरीय सुशासन केन्द्रले सार्वजनिक क्षेत्रमा संलग्न सबै तालिम प्रदायक संथाहरूको संयोजकको भूमिका निर्वाह गर्ने।

१३. नवप्रवर्तन साझेदारी कोषको स्थापना (Establishment of Innovative Partnership Fund-(IPF) :

'नवप्रवर्तन साझेदारी कोष (Innovative Partnership Fund)' स्थानीय तहसँगको सहकार्यमा नवीनतम् सोचसहितका योजनाहरूमा वित्तीय लगानी गर्ने एउटा विशेष कोष हो। यस कोषका उद्देश्यहरू निम्नानुसार छन् :

- पारदर्शिता, सहभागिता, जवाफदेहिता, लैङ्गिक तथा सामाजिक समावेशिता जस्ता विषयमा जोड दिँदै सुशासनका लागि प्रभावकारी हुने नवीन दृष्टिकोणहरूलाई बढावा दिने,
- सहकारितामा आधारित सङ्घीयता तर्फ उन्मुख हुने गरी स्थानीय सरकार र प्रदेश सरकारहरू बिच सुमधुर सम्बन्ध स्थापित गर्ने,
- विशेष गरी स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन सहायक हुन सक्ने सेवा प्रवाहका क्षेत्रमा नवीन सोचहरू भित्र्याउने,
- स्थानीय आर्थिक विकासको लागि नवीनतम परियोजनाहरूमा साझेदारीमा कोष परिचालन गर्ने।

१४. पत्राचार तथा सम्पर्क :

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

ठेगाना : वीरेन्द्रनगर, सुर्खेत, नेपाल
इमेल : ocmcmkarnali@gmail.com, ocmcm@karnali.gov.np
वेबसाइट : ocmcm.karnali.gov.np
फोन : ०८३-५२४८३२ (083-524832)
सम्पर्क शाखा : शासकीय सुधार महाशाखा

ख) प्रदेश कार्यक्रम कार्यान्वयन इकाई

ठेगाना : वीरेन्द्रनगर-८, बुलबुले, सुर्खेत
इमेल : ppiu.p6@plgsp.gov.np, karnali.ppiu@gmail.com
वेबसाइट : ocmcm.karnali.gov.np
फोन : ०८३-५२०५२९ (083-520529)
सम्पर्क शाखा : प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, वीरेन्द्रनगर-८, बुलबुले, सुर्खेत

ग) प्रदेश सुशासन केन्द्र

ठेगाना : वीरेन्द्रनगर-८, बुलबुले, सुर्खेत
इमेल : pcgg.p6@plgsp.gov.np,pcgg.karnali@gmail.com
वेबसाइट : ocmcm.karnali.gov.np
फोन : ०८३-५२०१११, ५२१२६५
सम्पर्क शाखा : प्रदेश सुशासन केन्द्र, वीरेन्द्रनगर-८, बुलबुले, सुर्खेत

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Provincial and Local Governance Support Program (PLGSP)

(२०७६/७७-२०७९/८०)



कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर-८, बुलबुले, सुर्खेत
फोन नं.: ०८३-५२४८३२, ०८३-५२०५२९

सङ्क्षिप्त परिचय

कार्यक्रमको नाम : प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Program (PLGSP)

कार्यक्रम सञ्चालन अवधि : आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म

कार्यान्वयन गर्ने निकाय :
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घ)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेशस्तर)

कार्यान्वयन हुने क्षेत्र : ७ वटै प्रदेश सरकार र ७५३ वटै स्थानीय तहहरू

आयोजनाको कुल लागत : १३० मिलियन युएस डलर (१४ अर्ब ९५ करोड रुपैयाँ)

नेपाल सरकारबाट : २३.१ प्रतिशत

विकास साझेदारबाट : ७६.९ प्रतिशत

विकास साझेदारहरू : DFID, SDC, NORWAY, EU, UN

१. पृष्ठभूमि :

नेपालमा सङ्घीय शासन व्यवस्थाको सुरुवातसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्य संरचना र राज्यशक्ति बाँडफाँड भएको हो। आवधिक निर्वाचन मार्फत तीनै तहमा राजनीतिक नेतृत्व र कर्मचारी समायोजन प्रक्रिया मार्फत कर्मचारीहरूको प्रबन्ध भइसकेको छ। नेपालका लागि सङ्घीय शासन व्यवस्थाको नौलो अभ्यास रहेको, लामो अन्तराल पश्चात स्थानीय तहहरूमा राजनीतिक नेतृत्व चयन भएको सन्दर्भमा सङ्घीयताका लाभहरू प्रभावकारी रूपमा समन्यायिक रूपमा वितरणका लागि संस्थागत क्षमता विकास गर्नु अत्यावश्यक देखिएको छ। समुचित कानुनी प्रबन्ध, विभिन्न रणनीतिक योजना तर्जुमा, कार्य प्रक्रिया तथा प्रणालीगत सुधार र उक्त प्रणालीका संवाहक जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास मार्फत शासन, सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ।

विकास साझेदारहरूको संयुक्त कोषसमेतको परिचालनबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सङ्घीय नेतृत्व र प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा सञ्चालन हुने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (२०७६/७७–२०७९/८०) लाई नेपाल सरकारको विशेष (Flagship) कार्यक्रमको रूपमा कार्यान्वयनमा ल्याइएको छ। यस कार्यक्रमले ७ वटा प्रदेश सरकार तथा ७५३ वटै स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गरी प्रदेश तथा स्थानीय तहमा चुस्त, दिगो, समावेशी र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न सहयोग गर्ने लक्ष्य राखेको छ। यस कार्यक्रमले प्रदेश तथा स्थानीय शासन प्रणाली र प्रक्रियाहरू एवं अन्तर–सरकारी सम्बन्ध सुदृढ बनाई नागरिकहरूका लागि सहकारी सङ्घीयताका लाभहरू अभिवृद्धि गराउन प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी समग्र शासन प्रक्रियालाई सबलीकरण गर्दछ।

२. कार्यक्रमको लक्ष्य :

प्रदेश तथा स्थानीय तहमा चुस्त, दिगो, समावेशी र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्नु।

३. कार्यक्रमका उद्देश्यहरू :

१. प्रदेश तथा स्थानीय शासन प्रणाली र प्रक्रियाहरू एवं अन्तरसरकारी सम्बन्ध सुदृढ गरी नागरिकहरूका लागि सहकारी सङ्घीयताका लाभहरू अभिवृद्धि गराउनु,
२. प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी नागरिक सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

४. कार्यक्रमका अपेक्षित उपलब्धिहरू :

उपलब्धि–१: संविधानमा व्यवस्था भएअनुसार सङ्घीय शासन प्रणालीका सबै तहका सरकारी निकायहरू र अन्तरसरकारी संयन्त्रहरू पूर्णरूपमा सञ्चालन गर्न सहयोग पुगेको हुने।

उपलब्धि–२: प्रादेशिक र स्थानीय सरकारका निकायहरू दक्ष, प्रभावकारी, समावेशी र जवाफदेही बनाउन सहयोग पुगेको हुने।

उपलब्धि–३: नागरिकलाई सन्तुष्टियुक्त सेवा प्रवाहका लागि प्रदेश तथा स्थानीय तहका निर्वाचित प्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास भएको हुने।

५. कार्यक्रमका अपेक्षित प्रतिफलहरू :

उपलब्धि–१ अन्तर्गतका प्रतिफलहरू :

प्रतिफल–१: सङ्घीय तहका सरकारी निकायहरूले सरोकारवालाहरूसँगको परामर्शमा प्रदेश र स्थानीय सरकारहरूलाई सहयोग पुग्ने कानुन एवं नीतिहरू तयार गरेका हुनेछन्।

प्रतिफल–२: सङ्घीय तहका निकायहरूले सरोकारवालाहरूसँगको परामर्शमा प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक प्रणाली र औजार (Tools) निर्माणमा सहयोग गरेका हुनेछन्।

प्रतिफल–३: अन्तरसरकारी प्रशासनिक संयन्त्रहरू सञ्चालन र सबलीकरण भएका हुनेछन्।

उपलब्धि–२ अन्तर्गतका प्रतिफलहरू :

प्रतिफल–४: प्रदेश सरकारहरूले सरोकारवालाहरूसँगको परामर्शमा कानुन एवं ऐनहरू तर्जुमा गरेका हुनेछन्।

प्रतिफल–५: प्रदेश सरकारहरू आधुनिक एवं नवीनतम शासकीय पद्धतिबाट सबै नागरिकहरूप्रति समतलीय र उर्ध्व जवाफदेहिता वहन गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न सक्षम हुनेछन्।

प्रतिफल–६: प्रदेश सरकारहरू सार्वजनिक प्रशासनका मुख्य कार्यहरू व्यवस्थापन गर्न सक्षम हुनेछन्।

प्रतिफल–७: प्रदेश सुशासन केन्द्र स्थापना तथा सञ्चालन भई क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चानलन गर्न सक्षम हुनेछन्।

प्रतिफल–८: स्थानीय सरकारहरूमा आधुनिक एवं प्रभावकारी प्रशासनिक प्रणाली र उत्तरदायी सार्वजनिक लेखा प्रणाली स्थापना भएको हुनेछ।

प्रतिफल–९: स्थानीय सरकारहरू शासकीय प्रणालीलाई उर्ध्व र समतलीयरूपमा नागरिकप्रति उत्तरदायी बनाउन सक्षम हुनेछन्।

प्रतिफल–१०: स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिएको हुनेछ।

प्रतिफल–११: स्थानीय शासन प्रणालीमा नागरिक सहभागिता र समावेशितालाई आन्तरिकीकरण गरिएको हुनेछ।

प्रतिफल–१२: नवप्रवर्तन साझेदारी कोष (Innovative Partnership Fund-IPF) पारदर्शीरूपमा सञ्चालित भई यसमार्फत स्थानीय सरकारहरूको सिर्जनशीलता र नवप्रवर्तनलाई प्रवर्द्धन गरिएको हुनेछ।

उपलब्धि–३ अन्तर्गतका प्रतिफलहरू :

प्रतिफल–१३: प्रदेश तहका जनप्रतिनिधि र कर्मचारीहरूमा गुणस्तरीय सेवा प्रवाह गर्न सक्ने गरी क्षमता विकास भएको हुनेछ।

प्रतिफल–१४: स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूमा गुणस्तरीय सेवा प्रवाह गर्न सक्ने गरी क्षमता विकास भएको हुनेछ।

६. कार्यक्रमको औचित्य

- प्रदेश तथा स्थानीय सरकारको संस्थागत संरचना एवं व्यवस्थापन सुदृढ गर्न,
- प्रदेश तथा स्थानीय सरकारको कार्यप्रणालीलाई प्रभावकारी बनाउन,
- योजना तर्जुमा प्रक्रियालाई बढी सहभागितामूलक बनाउन र सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन,
- सेवा प्रवाहलाई समावेशी र विपन्न एवं पछाडि परेको वर्गप्रति बढी जवाफदेही बनाउन,
- निर्वाचित सरकारलाई जनताप्रति बढी उत्तरदायी बनाउन।

७. सङ्घीय तहमा कार्यक्रम व्यवस्थापन

क) राष्ट्रिय निर्देशक समिति (National Steering Committee- NSC)

- मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – अध्यक्ष
- सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य
- सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य
- प्रदेश प्रतिनिधि, सम्बन्धित प्रदेशका मुख्यमन्त्रीद्वारा मनोनयन गरिएका (७ जना) – सदस्य
- स्थानीय तहका कम्तिमा चार जना महिलासहित नगरप्रमुखबाट २, गाउँपालिका अध्यक्षबाट २, नगर उपप्रमुखबाट २, गाउँपालिका उपाध्यक्षबाट २ जनासमेत गरी (८ जना) – सदस्य
- राष्ट्रिय कार्यक्रम निर्देशक/सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य सचिव

ख) राष्ट्रिय कार्यान्वयन समिति (NEC)

- सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – अध्यक्ष
- सहसचिव (प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सहरी विकास मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय), (९ जना) – सदस्य
- विकास साझेदारका प्रतिनिधिहरू – सदस्य
- राष्ट्रिय कार्यक्रम निर्देशक/सहसचिव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य सचिव

ग) कार्यक्रम समन्वय इकाई (PCU)

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रायको मातहतमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय गरी नीति निर्देशन उपलब्ध गराउने,
- PPIU र PCGG का प्राविधिक कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गरी रणनीतिक दिशा निर्देश गर्ने,
- प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँग आवश्यक समन्वय र सहकार्य गरी अन्तरसरकारी समन्वय गर्ने,
- PLGSP को वार्षिक नीति तथा कार्यक्रमलाई राष्ट्रिय निर्देशक समितिबाट अनुमोदन गराउने,
- प्रदेश तथा स्थानीय स्तरमा सबल वातावरण सिर्जना गरी PLGSP कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने गराउने।

८. प्रदेश तहमा कार्यक्रम व्यवस्थापन

क) प्रदेश समन्वय समिति (Provincial Coordination Committee-PCC)

- मुख्यमन्त्री वा मुख्यमन्त्रीले तोकेको मन्त्री – अध्यक्ष
- प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य
- सचिवहरू, (आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय) – सदस्य
- प्रमुख, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय – सदस्य
- मुख्यमन्त्री कार्यालयबाट तोकिएका प्रदेश भित्रका स्थानीय तहबाट, नगर प्रमुखहरूबाट (२), गाउँपालिका अध्यक्षहरूबाट (२), उप–प्रमुखहरूबाट (२), उपाध्यक्षहरूबाट (२) जना गरी कम्तिमा ४ जना महिलासहित ८ जना प्रतिनिधि – सदस्य
- अध्यक्ष, प्रदेश स्तरीय नगरपालिका महासंघ – सदस्य
- अध्यक्ष, गाउँपालिका महासंघ – सदस्य
- प्रदेश कार्यक्रम निर्देशक/सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य सचिव

प्रदेश समन्वय समिति (PCC) का कार्यहरू :

- ◆ प्रदेश कार्यक्रम कार्यान्वयन इकाई र प्रदेश सुशासन केन्द्रलाई नीतिगत, रणनीतिगत मार्गदर्शन गर्ने,
- ◆ प्रदेशस्तरमा सञ्चाालन गर्ने वार्षिक क्रियाकलाप, बजेट तथा योजना स्वीकृत गर्ने,
- ◆ क्षमता विकास कार्यक्रमका क्षेत्र र गुणस्तरको निगरानी गर्ने,
- ◆ राष्ट्रिय निर्देशक समितिको समग्र मार्गदर्शनअनुसार कार्यक्रमको निर्देशिका र ढाँचाहरू स्वीकृत गर्ने,
- ◆ प्रदेश र स्थानीय तहका निकायहरू बिच समन्वय गर्ने।

ख) प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU)

- प्रदेश कार्यक्रम निर्देशकको निर्देशन र प्रदेश कार्यक्रम व्यवस्थापकको समग्र व्यवस्थापनमा इकाई सञ्चालन हुने,